Waling Multiple Campus Journal
Vol. 2, No. 1: 133-147, May, 2026
Research Management Cell (RMC),
Waling Syangja, Nepal

# मातृत्व कथामा नारी चेतना

**उपप्राध्यापक रुक्मागत अर्याल**
नेपाली विषय विभाग वालिङ बहुमुखी क्याम्पस
aryalraju84@gmail.com

**लेखसार**

*यस अनुसन्धनात्मक लेख भागीरथी श्रेष्ठद्वारा लिखित 'मातृत्व' कथा 'क्रमशः' कथा सङ्ग्रहमा सङ्कलित एक नारी चेतनाको विश्लेषणमा आधारित एक नारीवादी कथा हो । यस लेखमा प्रस्तुत मातृत्व कथालाई विश्लेष्य सामग्रीको रूपमा प्रस्तुत गरी कथामा नारीवादी चेतना के कसरी प्रयुक्त भएको छ ? भन्ने मूल समस्यामा केन्द्रित भई उक्त कथालाई नारीवादी चेतनाका आधारमा विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ । यस लेखमा मातृत्व कथामा नारीवादी चेतना अन्तर्गत पितृसत्ता, प्रतिरोधी चेतना के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा नै अध्ययनको प्रमुख समस्या रहेको छ भने कथालाई पितृसत्ता, प्रतिरोधी चेतना र प्रतिनिधित्वका आधारमा विश्लेषण गर्नु नै यस लेखको प्रमुख उद्देश्य रहेको छ । यो लेखमा पितृसत्ता, सामाजिक विभेद र प्रतिरोधी चेतनाको ढाँचा प्रस्तुत गरी कथालाई पाठ विश्लेषण विधिका आधारमा व्याख्या विश्लेषण गरी कथामा पितृसत्ताका कारण महिलामा हुने सामाजिक शोषण, शारीरिक तथा मानसिक दबाब र नियन्त्रणका साथै महिलाहरू आफ्नो अधिकार र पहिचानका लागि नारी विरोधी चेतनाका विरूद्धमा कसरी क्रियाशील हुन्छन् भन्ने कुरालाई कथाकी प्रमुख पात्र ममताका माध्यमबाट प्रष्ट पार्न खोजिएको छ । यस अध्ययनका लागि प्राथमिक स्रोतका रूपमा कक्षा १२ को अनिवार्य नेपाली पुस्तकमा सङ्कलित मातृत्व कथालाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा विभिन्न सन्दर्भमा विभिन्न विद्वानहरूले लेखेका सामग्रीहरूलाई पुस्तकालयीय अध्ययन र अनलाइनबाट प्राप्त सामग्रीहरूलाई प्रयोग गरी नारीवादी चेतना, पितृसत्ता र नारीमा रहेको प्रतिरोधी चेतनालाई उजागर गर्न मात्र सीमित बनेको छ । गुणात्मक ढाँचामा आधारित यस अनुसन्धानमा नारीहरू सबै कुरा सहेर बस्न सकेका हुन्छन् तर आफ्नो मातृत्वलाई प्रबल, सुदृढ र समुन्नत बनाउन कुनै पनि कुरासँग सम्झौता गर्दैनन् भन्ने निष्कर्षका रूपमा यो लेख टुङ्गिएको छ ।*

***मुख्य शब्दकुञ्जीः*** नारीचेतना, पहिचान, पितृसत्ता, प्रतिरोध, प्रतिनिधित्व

## विषय परिचय

मातृत्व कथा भागीरथी श्रेष्ठको क्रमशः (२०४३) कथासङ्ग्रहभित्र समेटिएको कथा हो । यस कथाले महिलामाथि परिवार र छोराछोरीको जिम्मेवारीको भारीले महिलामा विकसित प्रतिरोधी चेतनालाई प्रस्तुत गरेको छ । कुनै व्यक्तिविशेषप्रति लक्षित गरेर वर्तमान पितृसत्तात्मक सामाजिक चेतना र त्यस चेतनाले निर्माण गरेको शासकीय संरचनाप्रति औँला ठड्याउने काम यस कथाले गरेको छ । महिलामाथि हुने गरेका विभिन्न किसिमका कमजोरीहरूलाई मुख्य साधनको विषय बनाएर महिलामाथि जुन किसिमले दमन गर्ने र शारीरिक आवश्यकता मात्रै पूर्ति गर्ने साधन बनाइएको छ त्यो निन्दनीय छ भन्ने संकेत कथाले गरेको देखिन्छ । आफ्नै रगतबाट विकसित भएका छोराछोरीको आफ्नै आँखा अगाडि उनीहरूलाई लत्याएर अर्काको खुसीका निम्ति लम्पसार पर्नुपर्ने स्थिति जुन छ त्यो पनि पितृसत्ताकै आडमा भएको छ । सिउँदो पुछिएकी महिलामाथि आफ्नो हैकम जमाउन खोज्ने र आफ्नै नियन्त्रणमा रहनुपर्ने मनसाय जुन पुरूष पात्रले राखेको छ त्यो पनि निन्दनीय विषय नै बनेको छ । यस मातृत्व कथाले एकातिर विधवाले पुनः विवाह गर्नुहुँदैन भन्ने रूढीग्रस्त विचारको खण्डन व्यवहारबाटै गरेको देखिन्छ भने अर्कातिर पुरूषको एकलौटी सत्ता स्वीकार नहुने भन्ने गहन विचारलाई समेत आत्मसात गरेको देखिन्छ । जीवनलाई उज्यालो बनाउन, सुरक्षा प्राप्त गर्न पुरूषको सहारा त चाहिन्छ नै तर पनि त्यो सुरक्षा चाहिन्छ भन्दै गर्दा आफ्ना चाहना, पारिवारिक जिम्मेवारी र मातृत्वलाई तिलाञ्जली दिन सकिँदैन भन्ने गाम्भीर्यतालाई समेत यस कथाले उठाएको देखिन्छ ।

नारीवाद भनेको नारी समानता, हक-अधिकार तथा स्वतन्त्रताको सुनिश्चितताका लागि अघि बढाइएको एक सशक्त सामाजिक आन्दोलन हो । महिलाको अस्तित्व, अधिकार र समान अवसरसँग सम्बन्धित विषयवस्तुलाई आधार बनाएर लेखिने विचारधारालाई नारीवादी चेतना भनिन्छ, जुन मूलतः नारीसम्बन्धी लेखकीय दृष्टिकोणसँग सम्बन्धित हुन्छ । कुनै पनि साहित्यिक कृतिमा लेखकले नारीलाई कसरी चित्रण गरेका छन्, उनीहरूलाई कुन स्थान र भूमिकामा प्रस्तुत गरेका छन् भन्ने आधारमा उक्त कृति नारीवादी दृष्टिले कत्तिको प्रभावकारी छ भन्ने मूल्याङ्कन गर्न सकिन्छ ।

नारीसँग सम्बन्धित विविध पक्षलाई केन्द्रमा राखेर गरिने अध्ययनलाई नारीवादी अध्ययन भनिन्छ । यसले विशेषतः नारी स्वतन्त्रता, समानता र अधिकारको पक्षमा आवाज उठाउँदै महिलामाथि हुने दमन, शोषण र विभेदको अन्त्य गर्न चेतना जगाउने काम गर्छ । नारीवादको मूल मान्यता अनुसार महिलाले पनि पुरुषसरह स्वतन्त्र र सम्मानजनक जीवनयापन गर्न पाउनुपर्छ । यद्यपि जैविक रूपमा केही भिन्नता भए तापनि सामाजिक तथा शासकीय संरचनाले महिलालाई कमजोर र परनिर्भर रूपमा प्रस्तुत गर्दै उनीहरूको अधिकारलाई सीमित गरेको देखिन्छ । त्यसैले समाजमा विद्यमान यस्ता विभेदलाई अन्त्य गर्न महिलाहरू संगठित भई सचेत रूपमा अगाडि बढ्नुपर्ने विचार नारीवादले अघि सारेको छ । नारीवाद विशेष गरी नारी समस्यामा केन्द्रित हुने अवधारणा भएकाले कुनै पनि कृति वा

पाठभित्र नारीको अवस्था के कस्तो छ ? र नारी चेतना के कसरी ? प्रस्तुत भएको छ भनी अध्ययन गरिन्छ ।

**अध्ययनको समस्या र उद्देश्य**

नारीवादी लेखक भागीरथी श्रेष्ठको मातृत्व कथामा नारीवादको वकालत पितृसत्तात्मकता व्यवहार र प्रतिरोधी विचार के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा नै अध्ययनको प्रमुख समस्या रहेको छ भने कथालाई पितृसत्ता, प्रतिरोधी चेतना र प्रतिनिधित्वका आधारमा विश्लेषण गर्नु नै यस लेखको प्रमुख वैशिष्ठ्य रहेको छ ।

**अध्ययन विधि**

यो अध्ययन गुणात्मक पाठ - विश्लेषणमा आधारित छ । मातृत्व सम्बन्धी नेपाली कथाहरू (पारिजात, मन्जुश्री थापा, ध्रुवसुमन श्रेष्ठ आदिका)लाई चयन गरेर स्त्रीवादी सैद्धान्तिक दृष्टिकोणबाट व्याख्या, समीक्षा गरिएको छ ।

**सामग्री सङ्कलन तथा विश्लेषण विधि**

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथा सहायक सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालयीय अध्ययन कार्यलाई बनाइएको छ । पुस्तकालयीय अध्ययन कार्यद्वारा सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई भेदका रहेका छन् । पुस्तकालयीय अध्ययन कार्यद्वारा विश्लेष्य सामग्रीको रूपमा भागीरथी श्रेष्ठकृत मातृत्व कथालाई प्रारम्भिक सामग्रीको रूपमा प्रस्तुत गरिएको छ भने कथाको सैद्धान्तिक विश्लेषणका लागि प्राप्त विद्वानहरूका सैद्धान्तिक पुस्तक तथा यससम्बन्धी गरिएका यस अध्ययनमा पूर्वकार्यसँग सम्बन्धित सामग्रीहरूलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ । मूल पाठको सूक्ष्म र गहन अध्ययन गरी त्यसमा निहित विचारलाई नारीवादी सिद्धान्तको आधारमा विश्लेषण गरिएको हुँदा यस अनुसन्धानमा निगमनात्मक पद्धतिको अवलम्बन गरिएको छ । साथै, पाठको विश्लेषण मार्फत निष्कर्ष निकालिएको हुनाले पाठ विश्लेषण विधिको प्रयोग गरिएको छ र समग्र रूपमा यो अध्ययन गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ ।

**सामग्री विश्लेषण ढाँचा**

यस अध्ययनमा उठाइएका समस्याको शैक्षिक समाधान खोज्ने उद्देश्यले भागीरथी श्रेष्ठको मातृत्व कथालाई मुख्य आधारका रूपमा चयन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका क्रममा सांस्कृतिक अध्ययनअन्तर्गत पर्ने नारीवादी चेतनालाई केन्द्रमा राखी पितृसत्ता, प्रतिरोधी चेतना तथा प्रतिनिधित्वसम्बन्धी दृष्टिकोणलाई आधार बनाइएको छ । यस क्रममा कथाभित्र पितृसत्तात्मक संरचनाका कारण नेपाली समाजमा महिलाहरू कसरी पीडित बनेका छन् भन्ने पक्षलाई उजागर

गरिएको छ । साथै, पितृसत्तात्मक सोँच र व्यवहारप्रति महिलाहरूले देखाएको प्रतिरोधको स्वरूपलाई पनि विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

अङ्ग्रेजी Feminism शब्दको नेपाली रूपान्तरण नारीवाद हुन्छ । यो पश्चिमी साहित्यमा संरचनावादपछि विकसित सिद्धान्त हो र एउटा महत्वपूर्ण वैचारिक आन्दोलन हो । व्यक्तिगत, सामाजिक, राजनीतिक, आर्थिक वा अन्य कुनै पनि महत्वपूर्ण विषयमा नारीको पनि पुरूषसमान पहुँच हुनुपर्छ भन्ने सामूहिक विचार वा सिद्धान्त नै नारीवाद हो । नारीलाई शिक्षा र रोजगारमा अवसर प्रदान गर्नुपर्छ, पुरूषसमान अधिकार दिनैपर्छ भन्ने विषय नारीवादको मुख्य विषय हो । नारीवाद नारीको हक, अधिकार र समानताका लागि आवाज उठाउने चिन्तन हो । नारीप्रतिका अन्यायपूर्ण सामाजिक व्यवहार र सोंचको विरोध गर्ने चिन्तन हो । नारीलाई केन्द्रमा राखेर कृतिको अध्ययन र विश्लेषण गर्ने समालोचना पद्धति नारीवादी समालोचना हो । नारीवादले समानता, स्वतन्त्रता र मुक्तिको आवाज उठाउँछ । यसले लैङ्गिक विभेदको अन्त्यको माग राख्दै समानता र न्यायको वकालत गर्दछ । पितृसत्ताको साथै नारीलाई दोस्रो दर्जाको नागरिक मान्ने परम्पराको विरोध गर्दछ । नारीमाथि हुने गरेको सामाजिक, आर्थिक, धार्मिक, वैचारिक, यौनिक, सांस्कृतिक, राजनीतिक भेदभावको विरोध नारीवादले गर्दछ ।

नारीलाई केन्द्रमा राखी साहित्यिक कृतिको अध्ययन तथा विश्लेषण गर्ने आलोचनात्मक दृष्टिकोणलाई नारीवादी समालोचना भनिन्छ । नारीवादले समानता, स्वतन्त्रता र मुक्ति जस्ता मूल मूल्यहरूको पक्षमा आवाज उठाउँछ । यसले लैङ्गिक असमानताको अन्त्यको माग गर्दै सामाजिक न्याय र बराबरीको वकालत गर्दछ । साथै, पितृसत्तात्मक संरचना र महिलालाई दोस्रो श्रेणीको नागरिकका रूपमा हेर्ने परम्पराको विरोध गर्दछ । नारीवादले महिलामाथि हुने सामाजिक, आर्थिक, धार्मिक, वैचारिक, यौनिक, सांस्कृतिक तथा राजनीतिक सबै प्रकारका विभेदको विरुद्धमा दृढ रूपमा आवाज उठाउँछ ।

नारीवाद पुरूष दमन र शोषणको विरोधी आन्दोलन हो र यसले पुरूषसरह अवसर र पहुँचको खोजी गर्दछ । यसको सम्बन्ध सांस्कृतिक अधीनस्थताको विरोधसँग छ । (भट्टराई, २०७७, पृ.१२४) ।

यसले नारीमाथि भइरहेका शोषण, दमन र अत्याचारका विरूद्ध कानुनी रूपमा मात्र नभई व्यावहारिक रूपमा नै परिवर्तनको माग गर्दछ । श्रमको मूल्य पुरूषसमान हुनुपर्ने, घरायसी कामको मूल्याङ्कन हुनुपर्ने, हिंसाबाट मुक्ति, दाइजो प्रथाको अन्त्य, बलात्कारको विरोध, सञ्चार माध्यममा महिलाको नकरात्मक प्रस्तुतिको विरोध, महिलामाथि हुने गरेको शरीर राजनीतिको विरोध, आफ्नो शरीरमा आफ्नो अधिकार हुनुपर्ने माग, मातृत्वको महत्व, गर्भावस्थाको सुरक्षा, गर्भपतनको अधिकारको माग,

आत्मनिर्भरता, आर्थिक सक्षमता, सहभागिता, सशक्तीकरणमा जोड, महिलाको स्रोतमाथिको पहुँच लगायतका विविध पक्षमा नारीवादले जोड दिन्छ । यस अर्थमा नारीवाद समानताको चिन्तन हो, मानवतावादी चिन्तन हो ।

नारीलाई सवल एवम् पुरूषसरह प्रतिष्पर्धात्मक बनाउन, क्षमता विकास र सशक्तीकरणमा जोड दिने मेरी उल्सटोन क्राफ्ट (बेलायत) बाट A Vindication of the Rights of Woman (1972) मार्फत भएको पाइन्छ । नारीवादी चिन्तन र आन्दोलनको सुरूवात सेनेका फल्स सम्मेलन (१९४८) बाट भएको हो । नारी विमर्शसम्बन्धी राजनीतिक प्रचारहरूको मुद्धा प्रजननसम्बन्धी अधिकार, घरेलु हिंसा, भेदभाव र यौन हिंसामाथि रहेको हुन्छ । नारीवाद सामाजिक सम्बन्धमा नारीहरूको भूमिकाको रूपमा सतहमा आए पनि धेरैजसो नारीवादी समीक्षकहरूले लैङ्गिक असमानता र नारी अधिकारमा जोड दिएका छन् ।

नारीसम्बन्धी मुद्दाहरूलाई प्राथमिकता दिँदै राजनीतिक स्तरमा विचारधाराका रूपमा विकसित भएको नारीवाद मुख्यतः जन्मसम्बन्धी अधिकार, यौन उत्पीडन, घरेलु हिंसा, समान ज्यालाको अधिकार, तथा सांस्कृतिक र सामाजिक विभेदका प्रश्नहरूमा केन्द्रित छ साथै, यसले यौनजन्य हिंसाविरुद्ध आवाज उठाउँदै यी समस्याहरूको समाधानतर्फ सकारात्मक योगदान पुऱ्याउने प्रयास गर्दछ । नारीहरूको विषयलाई महत्वपूर्ण बनाएर राजनीतिक तहमा वादको रूपमा प्रचार गरिएको 'नारीवाद' विशेष गरेर जन्मसम्बन्धी अधिकार, यौनसम्बन्धी उत्पीडन, घरायसी हिंसा, समान तहको ज्यालाको अधिकार, सांस्कृतिक, सामाजिक भेदभाव र यौनजन्य हिंसाजस्ता विषयमा केन्द्रित छ र यो सकारात्मक पक्ष हो ।

यद्यपि पुरूषको कुरै सुन्नै नचाहने, पुरूषभन्दा बिल्कुलै फरक अस्तित्वको कल्पना गर्ने सम्बन्धका हरेक मुद्धामा दोषी चाहिं पुरूषलाई मात्रै किटान गर्ने, निरपेक्ष प्रजनन अधिकारको मुद्धा उठाउने, आफ्ना प्रजनन तथा यौनाङ्गलाई हतियार बनाएर बहसको थालनी गर्ने जस्ता केही पक्षहरू नारीवादमा देखा परेका नकरात्मक पक्ष हुन् (अर्यालः २०७४) । उग्रवादी चिन्तन समाजसापेक्ष हुँदैन । यस्तो चिन्तनले ध्वंशलाई आमन्त्रण गर्दछ र समाजलाई भताभुङ्ग पार्दछ । सबैले स्वीकार गरेको तथ्य के हो भने नारीहरूले सबै क्षेत्रमा पुरूषसमान अधिकार पाएका छैनन् । नारीले गर्ने घरको कामलाई प्रायः उत्पादनमुखी मात्र नभएर मनग्य पारिश्रमिक प्राप्ति गर्ने श्रमका रूपमा लिने चलन छैन । नारीले उक्त घरायसी श्रमको ज्याला पाउँदैनन । घरको कामलाई पनि उत्पादक श्रम मान्ने हो भने आजको समयको परिप्रेक्ष्यमा अधिकांश श्रम नारीहरूले नै गरेका छन् । नारीले नै संसारको ५० प्रतिशत खाद्यपदार्थ उत्पादन गर्दछन् । तर बिडम्बना संसारको भूभागमध्ये ५ प्रतिशतमा मात्र नारीहरूको स्वामित्व रहेको छ (उप्रेती, २०६९; पृ.२३८) । यस तथ्यबाट स्पष्ट हुन्छ कि विश्वभरि नारीहरूको अवस्था दोस्रो दर्जाको नागरिकसरह रहेको छ । पितृसत्ता महिलामाथिको दमन र शोषणको

प्रमुख कारक हो । पितृसत्ता एउटा संरचना हो जसमा पुरूषले महिलामाथि संस्थागत रूपमा नै दमन गरेको हुन्छ । यस आधारमा पितृसत्ता पुरूषद्वारा मात्र सञ्चालित नभई महिलाद्वारा पनि सञ्चालित हुन्छ । पितृसत्तालाई समाजमा यसरी संस्थागत गरिएको हुन्छ कि दमन गर्ने स्वयम्लाई बोध नहुन पनि सक्छ । (पौडेल, २०५९; पृ.९९) ।

नारीवाद नारीमाथि हुने सबै प्रकारका शोषण र थिचोमिचोको विरूद्धमा छ । यो एउटा त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो जो सामाजिक, सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा स्त्री जातिको पक्षबाट बोल्छ, जसमा ती विचार, विश्वास, आस्था र आन्दोलनहरू पर्छन, जसबाट नारीको हितको विकासमा सघाउ पुग्छ भन्ने ठानिन्छ । (गौतम, २०५९;३४४) । नारीवादले महिलालाई दोस्रो दर्जाको विरूद्ध गरिने व्यवहारको विरोध गर्दछ । नारीवाद जहिले पनि पुरूषसमान अधिकारका लागि आफ्नो आवाज सशक्त पार्दछ । नारीवादको समग्र स्थितिको मूल्याङ्कन गर्दा, यो आन्दोलनले विश्वव्यापी रूपमा महिलाको अधिकार, स्वतन्त्रता र समानताको क्षेत्रमा महत्वपूर्ण परिवर्तन ल्याएको देखिन्छ । ऐतिहासिक रूपमा पितृसत्तात्मक संरचनाले महिलालाई दोश्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्ने प्रवृत्तिको चुनौती दिँदै, नारीवादले शिक्षा, रोजगारी, राजनीतिक सहभागिता, कानुनी अधिकार र यौनिक स्वतन्त्रता जस्ता क्षेत्रमा महिलाको पहिचान स्थापित गरेको छ । नेपालजस्तो विकासशील देशमा पनि नारीवादी चेतनाको विस्तार हुँदै गइरहेको छ । संविधानमा समान अधिकारको प्रत्याभूति, कानुनी सुधार र महिला सशक्तीकरणका कार्यक्रमहरू यसको उदाहरण हुन् तर व्यवहारिक रूपमा अझै पनि लैङ्गिक विभेद, घरेलु हिंसा, छाउपडी, बालविवाह र समाजमा गहिरिएको रूढीवादी सोचका कारण महिलाहरूले पूर्ण समानताको अनुभव गर्न सकेका छैनन् । त्यसैले नारीवाद आज पनि सामाजिक रूपान्तरणका लागि आवश्यक र सान्दर्भिक आन्दोलनका रूपमा निरन्तर क्रियाशील छ ।

नारीवादको प्रभाव र चुनौतीहरू दुवै स्पष्ट देखिन्छन् । शिक्षाको पहुँच, सामाजिक जागरूकता, सञ्चार माध्यमको प्रभाव र अन्तर्राष्ट्रिय सहयोगले नारीवादी विचारधारालाई बल प्रदान गरेका छन् । महिलाहरूले नेतृत्व, व्यवसाय, विज्ञान, प्रविधि, साहित्य तथा सामाजिक सेवाजस्ता क्षेत्रमा उल्लेखनीय उपस्थिति जनाइरहेका छन् । सामाजिक सञ्जालमार्फत महिलाहरूले आफ्ना अनुभव र पीडा सार्वजनिक गर्न थालेका छन्, जसले लैङ्गिक मुद्दामा खुला संवादको वातावरण सिर्जना गरेको छ । तर अर्को पाटोमा, नारीवादप्रति विकृत बुझाइ, यसलाई "पुरूषविरोधी" वा "अत्याधिक उग्र" रूपमा चित्रण गर्ने प्रवृत्तिले आन्दोलनको मूल उद्देश्यलाई कमजोर पार्न खोजिएको देखिन्छ । विशेषतः ग्रामीण तथा परम्परागत समुदायमा नारीवादी सोचप्रति प्रतिरोध कायम छ । साथै, वर्ग, जात, भूगोल र धर्मका आधारमा महिलाभित्र पनि विभेद रहँदा सबै महिलाको अनुभव समान हुँदैन–यसले अन्तरक्रियात्मक (intersectional) नारीवादको आवश्यकता औंल्याउँछ ।

यसैले, नारीवादको समग्र मूल्याङ्कन गर्दा, यसको उपलब्धिहरू सराहनीय छन् तर अझै दीर्घकालीन रूपान्तरणका लागि निरन्तर संघर्ष, शिक्षा, नीति निर्माण र सामाजिक व्यवहारमा सुधार आवश्यक छ । नारीवाद अब केवल अधिकारको माग गर्ने आन्दोलन नभई समावेशी, न्यायपूर्ण र समुन्नत समाज निर्माणतर्फ उन्मुख वैचारिक अभियान बन्न पुगेको छ ।

**पूर्वकार्यको अध्ययन**

मातृत्व कथामा नारी चेतना भन्ने शीर्षकसँग सम्बद्ध वा नारी विषयक लेखसँग सम्बन्धित यस अगाडि कुनै लेखहरू के कति छन् ? ती लेखहरूमा नारी चेतनाका सम्बन्धमा के कस्ता विचारहरू फेला परेका छन् भनी अध्ययन गर्ने प्रयत्न गरिएको छ । यहाँ केही यस नारी चेतनासँग सम्बन्धित लेखहरूको गहन अध्ययन गरी ती लेखहरूका के कस्ता विधि, उद्देश्य र प्राप्त विचारहरूलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छः

चौलागाईं (सन् २०२४) ले *मातृत्व कथामा प्रयुक्त मनोभाव र भाषा* शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । प्रस्तुत लेख मनोभाषाविज्ञानले निर्देश गरेको उत्तेजना प्रतिक्रिया पद्धतिका आधारमा 'मातृत्व' कथामा अभिव्यक्त मनोभाव र भाषाको विश्लेषणमा केन्द्रित छ । मनोभाषाविज्ञानका अनुसार भाषा प्रयोग मानव मनोभावको प्रतिक्रिया हो, जसमा मनोभावले भाषिक व्यवहारलाई प्रभावित गर्छ र भाषाले पुनः मनोभावलाई आकार दिन्छ ।

यस अध्ययनमा उत्तेजना-प्रतिक्रिया पद्धतिलाई आधार मानी मातृत्व कथामा प्रयोग भएका भाव तथा भाषिक संरचनाको विश्लेषण गरी प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ । कथामा भाषाको प्रयोग गर्ने मुख्य पात्रहरू ममता, सुबोध, छोराछोरी तथा एक जना भाइरहेका छन्, जसका मनोस्थितिहरू आपसमा भिन्न छन् । यी विविध मनोस्थितिका कारण पात्रहरूमा जिज्ञासा, सन्तोष, शंका, अरुचि, नैराश्य, उपेक्षा, पश्चात्ताप, ग्लानि र घृणाजन्य व्यवहार जस्ता भावहरू देखापर्छन्, जसमा क्रूरता, पीडा, सहयोग र प्रेमभावसमेत समावेश छन् ।

यस्ता भावहरूको अभिव्यक्तिका लागि कथामा विस्मयादिबोधक शब्द, निपात, विशेष पदावली तथा निश्चयार्थक, प्रश्नार्थक, आज्ञार्थक र इच्छार्थक वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । कथामा अघिल्लो भाषिक संरचनाले सिर्जना गरेको मानसिक प्रभावलाई पछिल्लो संरचनामार्फत व्यक्त गरिएको हुँदा मानसिक अवस्था, त्यसअनुसारको भाषा र भाषाले पार्ने प्रभावबीचको अन्तर्सम्बन्धमा कथा विन्यस्त रहेको देखिन्छ । त्यसैले मनोभाषाविज्ञानको उत्तेजना-प्रतिक्रिया पद्धतिअनुसार कथामा पात्रहरूको मनोभावअनुरूप भाषिक प्रयोग गरिएको छ र यसले पाठक वा श्रोताको मनोभावमा पनि प्रभाव पार्छ भन्ने निष्कर्ष प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।

पन्त (सन् २०२३) ले उत्तरवर्ती नेपाली नारी - *निबन्धमा पृथक अनुभव-अनुभूति* शीर्षकमा खोज गरेको पाइन्छ । यस लेखमा नेपाली साहित्यकाशमा ४० को दशकपछि विशेषतागत विविधता देखिएको छ । विश्व परिवेशका साथै नेपाली प्रशासनिक, सांस्कृतिक, राजनीतिक, परिवेशमा देखिएका विविध परिवर्तनको प्रभाव स्वरूप साहित्यमा पनि नयाँ नयाँ चिन्तनहरू देखा परेका छन् । त्यसैले यो समयावधिलाई नेपाली साहित्यको उत्तरवर्ती चरण मानिएको छ । यस चरणको साहित्य विशेषगरी पहिचानमुखी अथवा देखावटी पनि देखिन्छ । साहित्यका कथा, उपन्यास विधाहरूमा जस्तै निबन्ध विधाको पनि यो उत्तरवर्ती पहिचानका सन्दर्भहरूका आधारमा महत्वपूर्ण मानिन्छ ।

विशेषतः निबन्ध विधामा नारी स्रष्टाहरूको उपस्थिति र उनीहरूका सिर्जनाले यही अवधिमा उल्लेखनीय गति लिएको देखिन्छ । यस अवधिका नारी निबन्धकारहरूका रचनामा नारीवादी चिन्तनले महत्वपूर्ण स्थान ओगटेको सन्दर्भलाई आधार मानी प्रस्तुत अनुसन्धानात्मक लेख तयार गरिएको हो । यस अध्ययनमा नारीवादी सैद्धान्तिक मान्यताका आधारमा उत्तरवर्ती नारी निबन्धहरूको विश्लेषण गरिएको छ। नारीवादी दृष्टिकोणले जैविक आधारमा महिला र पुरुषबीच हुने भिन्नताका कारण उनीहरूका अनुभव र अनुभूतिहरू पनि भिन्न हुने मान्यता प्रस्तुत गर्दछ ।

पितृसत्तात्मक सामाजिक संरचना र त्यसले निर्धारण गर्ने मूल्य-मान्यताका कारण परिवार तथा समाजमा महिलाहरूले फरक भूमिकाहरू निर्वाह गर्नुपर्छ, जसका आधारमा उनीहरूका अनुभव र अनुभूतिहरू पनि पृथक् हुने तर्क नारीवादीहरूले प्रस्तुत गरेका छन् । पितृसत्तालाई नारी उत्पीडनको मुख्य कारण मानेको नारीवादी चिन्तनले त्यही उत्पीडनका कारण उत्पन्न हुने भिन्न अनुभव र अनुभूतिहरू नारीद्वारा लिखित साहित्यमा अभिव्यक्त हुने धारणा राख्दछ ।

यस सन्दर्भमा प्रस्तुत लेखमा नारीवादअन्तर्गत पितृसत्ता, नारी उत्पीडन, नारीको जैविक अवस्था तथा पृथक् अनुभव-अनुभूति जस्ता विषयहरूको चर्चा गरिएको छ । पछिल्ला चरणमा लेखिएका नारी निबन्धहरूमा महिलाका विशिष्ट अनुभव र अनुभूतिको प्रस्तुति प्रशस्त मात्रामा पाइने निष्कर्ष पनि यस अध्ययनबाट प्राप्त भएको छ । उत्तरवर्ती नेपाली नारी निबन्धहरूमा पितृसत्तात्मक मूल्यभित्र महिलाका पृथक् अनुभव-अनुभूतिको अभिव्यक्ति कसरी गरिएको छ भन्ने गहन जिज्ञासाको समाधान गर्ने उद्देश्यले तयार गरिएको यस लेखमा साहित्यिक प्रकृतिअनुसार पुस्तकालयीय अध्ययनमार्फत सामग्री सङ्कलन गरी विश्लेषणात्मक तथा समीक्षात्मक विधिबाट अध्ययन गरिएको छ ।

मरहट्टा (सन् २०२२) ले "नासो कथाभित्र पितृसत्ताको प्रभुत्वमा नारीचेतनाको स्तर" शीर्षकमा अनुसन्धानात्मक लेख प्रस्तुत गरेको पाइन्छ । उक्त लेखमा साहित्यलाई समाजको प्रतिबिम्बका रूपमा व्याख्या गरिएको छ । यथार्थवादी कथामा समाजका वास्तविक पक्षहरू प्रतिबिम्बित हुने भएकाले समकालीन समाजका अवस्था, परिवेश तथा मूल्य-मान्यताहरू स्पष्ट रूपमा झल्किन्छन् भन्ने धारणा प्रस्तुत गरिएको छ ।

'नासो' कथा नारी पात्र सुभद्रालाई केन्द्रमा राखी रचना गरिएको आदर्शोन्मुख यथार्थवादी कथा हो। यस कथामा पितृसत्तात्मक संरचनाको आडमा नारीहरूमाथि गरिएका अन्याय, शोषण र दमनलाई आच्छादित गर्दै आदर्श नारीको स्वरूप प्रस्तुत गर्ने प्रयास गरिएको छ। तथापि, कथालाई सूक्ष्म रूपमा विश्लेषण गर्दा नारीमाथि भएका शोषण, विभेद, दमन तथा हिंसाका पक्षहरू प्रष्ट रूपमा उजागर हुन्छन्। त्यसैले नारीवादी दृष्टिकोणबाट यस कथामा पितृसत्ताको प्रभुत्व र नारीचेतनालाई विश्लेषणको केन्द्रबिन्दु बनाइएको देखिन्छ।

पुरुषप्रधान र पितृसत्तात्मक परिवेशमा आधारित 'नासो' कथामा नारीप्रतिको दृष्टिकोण कथाका घटनाक्रम तथा पात्रहरूको व्यवहारबाट सहजै अनुमान गर्न सकिन्छ। करिब असी वर्षअघि रचना गरिएको यस कथाको परिवेशलाई वर्तमान सन्दर्भसँग तुलना गर्दा पनि नारीमाथि हुने दमन, शोषण, हिंसा तथा अन्यायका श्रृङ्खलाहरू धेरै हदसम्म यथावत रहेको देखिन्छ। चाहे नारीहरू जतिसुकै सक्षम वा उच्च पदमा पुगेका भए पनि उनीहरूलाई सीमित मूल्य-मान्यताको घेराभित्र राखी नियन्त्रण गर्ने सामाजिक तथा पारिवारिक प्रवृत्ति अझै पनि कायम रहेको निष्कर्ष यस विश्लेषणबाट प्राप्त हुन्छ।

पितृसत्ताको आडमा पुरूष वर्गमा हुर्किएको पौरूष्य अहङ्कार तथा हेपाहा प्रवृत्ति यथावत छ। नारीहरूले आफ्ना हक, हितका पक्ष बोल्ने तथा सकेसम्म सचेत हुने प्रयास गर्दागर्दै पनि पितृसत्ताका हतियार तथा मतियार बनेका धर्म, संस्कार, नीति, शिक्षा, चेतना संयन्त्रका कारण नारीहरू कानुनी रूपमा स्थापित अधिकार प्रयोग गर्न पनि नसक्ने बनाइएका वा विविध प्रपञ्च सिर्जना गरी नदिने स्थिति सिर्जना गरिएका कारण निरीह हुनु पर्ने परिवेश छ। यस अध्ययनबाट पितृसत्ताले नारीहरूलाई मान्छेमा रूपमा नै नहेरी सदियौंदेखि पशुवत व्यवहार गर्दै आएको थियो र अझै त्यसको अवशेष बाँकी छ भन्ने निष्कर्ष निकालिएको छ।

गड्तौला (सन् २०१९) ले *नेपाली कवितामा नारीचेतना* शीर्षकमा अनुसन्धानमूलक लेख तयार गरेको पाइन्छ। जसमा नेपाली कवितामा नारी विषयक चेतना प्राथमिक कालदेखि नै अभिव्यक्त भएको, नारीलाई पत्नी, बुहारी र छोरीको सीमित घेरामा राखेर नैतिक निष्ठावान् बन्नुपर्ने सङ्कीर्ण चेतनादेखि समाज, राष्ट्र र विश्व समुदायमा उभिन सक्ने एक सभ्य र स्वतन्त्र नागरिकका रूपमा उभ्याउने चेतनालाई नेपाली कवितामा मुखरित भएको पाइन्छ। प्राथमिक र माध्यमिक कालसम्म आइपुग्दा नेपाली कवितामा नारीसम्बन्धी अभिव्यक्ति परम्परागत साँघुरो सोचका परिधिमा रहेको देखिन्छ भने आधुनिक कालपछि क्रमशः नारी चेतना फराकिँदै २०४६ र अझ गणतन्त्र स्थापनापछि नारीको उन्मुक्ति, स्वतन्त्रता एवं सर्वपक्षीय विकासका स्वरहरू नेपाली कवितामा व्यक्त हुन थालेका देखिन्छन्। पितृसत्ताले सिर्जना गरेका नारीका उत्पीडनका विरूद्धमा समकालीन स्रष्टाहरूले प्रतिरोध एवं विद्रोह गर्दै नारीसम्बन्धी नवीन चेतनालाई आफ्ना कवितामा मुखरित गरेको पाइन्छ।

यी विभिन्न आधार र पूर्वकार्यहरूको समीक्षाको अध्ययनबाट यो तथ्य प्रष्ट हुन्छ कि नारी, नारी चेतना, नारी विमर्ष, नारी वा पुरूष प्रभुत्व, नारी मनोभाव र भाषासँग सम्बन्धित विविध लेखहरूको पठनले मातृत्व कथाको नारी चेतनाको बारेमा उजागर गरेको कहीँ कतै नभेटिएको र मातृत्व कथामा नारी चेतना शीर्षकमा अध्ययन रिक्तता पाइएकाले यस शीर्षकलाई चयन गरिएको छ ।

**आख्यान सन्दर्भ**

भागीरथी श्रेष्ठद्वारा क्रमशः कथासङ्ग्रहमा सङ्कलित 'मातृत्व' कथा नारी चेतना सशक्त रूपमा सल्बलाएको देख्न सकिन्छ । जहाज दुर्घटनामा आफ्नो पति गुमाएकी ममताले शोकलाई शक्तिमा रूपान्तरण गर्न, परिवारको जिम्मेवारीलाई काँध थाप्न, पारिवारिक सुरक्षा स्थापित गर्न र अभिभावकीय भूमिका वहन गर्नका लागि कुनै पुरूष पात्रको आवश्यकता रहेको ठहर गर्दै आफ्नै श्रीमान्‌को साथी पर्ने सुवोधलाई दुःख बिसाउन पुग्छिन् । सुवोधले पनि अत्यधिक सान्त्वना र जिम्मेवारीको आवश्यकता महशुस गरी ममतासँगको सम्बन्धलाई सुदृढ तुल्याउन लागि परेको देखिन्छ । दिनहरू बित्दै जाने क्रममा सुवोधको व्यवहारमा सहयोग, जिम्मेवारी, अभिभावकीय भूमिकाभन्दा पनि स्वार्थ मिसिएको देख्न सकिन्छ । ती बुबा विनाका टुहुरा छोराछोरीप्रति झर्कने, खाजानास्ताका लागि पैसा दिएर बाहिर जाओ भन्ने, ममताको शारीरिक अस्वस्थतालाई मतलब नगरी शारीरिक सम्बन्ध विस्तारका लागि दबाब दिनेजस्ता व्यवहार गरेको देखिन्छ ।

त्यो दिन कपाल दुखिरहेथ्यो । जिउ भारी भइरहेथ्यो । मन चटक्‌चटक् भइरहेथ्यो । मलाई बोल्न मन लागेको थिएन । "ढोका लगाइदेऊ ममता ! सुबोधको आदेश थियो ।" (पृ.१००) छोरी हराएका समयमा खोज्न जानु पर्नेमा भेट्टाएपछि प्रहरीले खबर गरिहाल्छ भन्ने, मेरो पेट दुखेको छ भन्ने बहाना गरेर घरमैं सुत्ने जस्ता व्यवहारले ममताले जुन रूपले सुबोधबाट सहयोगको अपेक्षा गरेकी थिइन् त्यो कुनै कोणबाट पनि सन्तोषजनक नभएका कारण ममतामा नारी चेतना जुर्मुराएको देख्न सकिन्छ । "यसरी सोच्दासोच्दै ममा विद्रोह उठ्यो, किन यसरी डर मान्नु ?" (पृ.१००)

"आज म तपाईँसँग अन्तिम फैसला गर्दै छु जुन फैसलाले तपाईंलाई चोट पर्ला र मलाई पनि पर्न सक्छ । मैले आफ्ना छोराछोरीका लागि यो कुरा गर्दै छु जुन कुरा गर्छु भन्ने सपनामा पनि सोचेकी थिइनँ न त तपाईंले नै सोच्नुभएको थियो । अब मनमा गुम्स्याएर राख्नु उचित छैन । जुन विश्वास र आस्था लिएर तपाईंको सहारा खोजेँ त्यो सबै मृगतृष्णा रहेछ । अहिले थाहा पाएँ म कुवामा सडिरहेछु । गल्लीमा फ्याँकिइरहेछु । मेरा कमजोरीका पर्खालले मेरा शब्दलाई थिचिदिएका थिए । आज ती सबै पर्खाललाई भताभुङ्ग पारिदिएँ । बहानाको जिन्दगी लिएर बाँच्न चाहन्नँ । तपाईंको चित्त नदुखाउन धेरै यत्न गरेँ तर तपाईंले मेरो चित्त दुखाउन छोड्नुभएन । मेरा छोराछोरीप्रति तपाईंको व्यवहार कति रूखो थियो, कति उपेक्षापूर्ण थियो जसलाई सहन मलाई साह्रै गारो भयो । तपाईंप्रतिको

मेरो विश्वास पतझरको पहेँलो पत्ता झैँ मेरो जीवनबाट झरिसकेको छ । हुन त एउटा सानदार र प्रेमपूर्ण जीवन तपाईंसँग बिताउन निकै कोसिस गरेँ तर सबै तासको महल झैँ ढलिदियो । यो न सम्झनुस् कि सम्पूर्ण रूपमा मैले तपाईँलाई नै दोष दिँदैछु । तपाईंलाई यस्तो वातावरण तयार पारिदिने हाम्रो समाजका खराब रीतिरिवाज पनि दोषी छन् । हुन त तिनीहरूलाई हामी बदल्न सक्थ्यौँ हामीले राम्रो कोसिस गरेको भए तर तपाईंले मलाई सघाउनुभएन । तपाईँको हस्तक्षेप र अधिकारभित्र बाँच्न चाहन्नँ । दुइटा छोराछोरीलाई आफ्नो जीवन आधार मानेर बाँच्ने छु । मेरा छोराछोरीको माया नै ठुलो हो र सम्पूर्ण छ । मलाई कसैको सहारा अब जरूरत छैन । मलाई छोडिदिनुस् । मलाई मुक्ति दिनुस् ।" (पृ.१०४)

विधवा महिला जीवनभर विधवा नै बस्नुपर्छ भन्ने नेपाली अन्धविश्वासी कथनका विरूद्धमा ममताले अर्को लोग्ने खोजेर जीवन रथलाई कुशलतापूर्वक हाँक्न सारथि खोज्नु पनि नारी चेतनाको सशक्त पक्ष हो । "आखिर हाम्रो धार्मिक, सामाजिक परम्पराले यही देख्न चाहन्छ कि विधवा स्वास्नी मान्छे सधैँ विधवाकै रूपमा रहोस् ।" (पृ.९७) मातृत्व कथामा पारिवारिक सुरक्षा, अभिभावकीय भूमिका, जैविक आवश्यकताका लागि पुरूषको सत्ता स्वीकार्य भएपनि सोही सत्ता बचाउका लागि पुरूषले आफ्नो मर्यादा पालना गरेको छ कि छैन अथवा पुरूषीय अभिमान कायम गर्नका लागि उसले आफ्नो भूमिका निर्वाह गऱ्यो कि गरेन त्यो पक्ष पनि महत्वपूर्ण हुन आउँछ भन्ने कुरालाई देखाउन खोज्दा यस कुरामा सुवोध उत्तीर्ण हुन सकेको छैन फलतः ममतामा अग्रगामी नारी चेतनाका कारण सुवोधसँगको सम्बन्ध विच्छेदको अवस्थामा पुगेको देखिने सन्दर्भ पनि कथामा आएको छ ।

**मातृत्व कथामा पितृसत्ता**

पितृसत्ता भनेको परिवारका, समाजका हरेक क्षेत्रमा पुरूषको वर्चस्व हुनु हो । साथै पितृसत्ताले महिलाको श्रम, शरीर र आयआर्जनमाथि नियन्त्रण गर्दछ । पितृसत्ताकै कारण समाजमा महिलाको प्रतिनिधित्व सङ्कुचन हुँदै आएको छ । असमान पारिश्रमिक, आत्मनिर्णयको अधिकार, श्रेणीकरण, घरेलु पारिवारिक जीवनका सबै क्षेत्रमा पितृसत्ता कायम छ भन्ने मान्यता नारीवादको रहेको छ । पितृसत्ता (Patriarchy) भनेको एउटा यस्तो सामाजिक प्रणाली हो जसमा पुरूषहरूलाई प्राथमिकता दिइन्छ र उनीहरूले प्रमुख सामाजिक, राजनीतिक, आर्थिक र पारिवारिक अधिकारहरूमा वर्चस्व राख्छन् । यो व्यवस्था महिलाभन्दा पुरूषलाई शक्तिशाली मान्दछ, जसको कारण महिलाहरू विभिन्न अवसरहरूबाट वञ्चित हुन्छन्, जस्तैः निर्णय गर्ने अधिकारमा पहुँच कम हुनु, सम्पत्तिमा अधिकार नहुनु, शिक्षा र रोजगारीमा असमानता, लैङ्गिक भेदभाव तथा हिंसामा वृद्धि, पितृसत्ताको जरा सांस्कृतिक, धार्मिक, ऐतिहासिक र सामाजिक संरचनाहरूमा गहिरो रूपमा गडिएको हुन्छ । यसको प्रभावले महिलाहरूको स्वतन्त्रता, पहिचान र आत्मनिर्भरता सीमित हुन्छ । नारीवादी आन्दोलनहरू पितृसत्तावादी संरचनाको विरोध गर्दै महिला तथा सबै लैंगिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार र अवसरको माग गर्छन् ।

कथाका विभिन्न घटनाहरूमा ममताले झ्यालमा बसेर सुवोधको बाटो हेरिरहेको अवस्थामा ममताको छोराले, "आमा ! के हेरिराख्नुहुन्छ तपाईं सधैँ ?", "आमा ! सुबोध अङ्कल मन पर्दैन मलाई" (पृ.९५) भन्ने छोराको भनाइमा पनि पुरूषवादी अभिमान झल्किएको देख्न सकिन्छ । जसले परिवारको सुरक्षा प्रदान गर्दछ र जसलाई ओत प्रदान गरियो उही व्यक्ति सुवोधले विभिन्न प्रसङ्गमा पुरूषवादी बडप्पन, हैकम र पुरूषत्व प्रदर्शन गर्न खोजेको देखिन्छ, जस्तैः

"बच्चाले डिस्टर्ब गरेको मन पर्दैन मलाई । पैसा दिएर बाहिर खान जाऊ भन ।" (पृ.१००)

धेरै बहाना नगर । आजकाल तिमी निर्जीव जस्तै लाग्छ । (पृ.१०१)

"ए तिमी मेरा लागि बाँचेकी होइनौँ ?" (पृ.१०२)

"म तिम्रो जीवन बरबाद गरिदिन्छु । बदनाम गरिदिन्छु ।" (पृ.१०४)

पितृसत्तात्मक समाजमा महिलाले आफू अनुकूल काम गर्दा समाजमा अनैतिक हुने र पुरूषले अनैतिक काम गर्दा समाजमा वैधानिकता पाउने गरेको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

यसरी मनभरि कहिले खुसीका डोब देखिन्छन् भने कहिले शङ्का, उपशङ्का र लाजका छाया अगाडिपछाडि तेर्छिन थाले । सोचेँ, भोलि समाजले भन्ने छ, यो आइमाई लोग्नेको सत्मा छैन । लोग्नेलाई नर्कमा पारी । (पृ.९७)

**मातृत्व कथामा प्रतिरोधी चेतना**

मातृत्व कथाको कथाकार स्वयम् नारी भएकाले म पात्र (ममता)लाई पुरूषबाट पीडित पात्रको रूपमा उभ्याई कथामा प्रतिरोधी चेतना प्रस्तुत गरेकी छिन् । सकेसम्म ममता र सुबोधको सम्बन्धमा कुनै किसिमको दरारको अवस्था नआओस् भनेर ममताले धेरै नै सहने प्रयास गरेकी छन् तर कुनै हालतमा सुबोधको व्यवहारमा परिवर्तन नआएको र आफ्ना छोराछोरीप्रति गरेको गैरजिम्मेवारपूर्ण व्यवहारले ममता वाक्क दिक्क भएर मेरा सन्तानको खुसीका अगाडि अरूको स्वार्थ ठूलो कुरा होइन भन्ने विचार व्यक्त गरेर चुप रहन सक्दिनन् । मातृत्व कथाको उत्तरार्धतिर ममतामा प्रतिरोधी चेतना जागृत हुन थालेको देखिन्छ ।

"कति सजीव भइराख्ने त ? जिउको पनि ख्याल गर्नुपर्छ, समयको पनि ध्यान दिनुपर्छ ।" (पृ.१०१)

"आज म तपाइँसँग अन्तिम फैसला गर्दै छु जुन फैसलाले तपाईंलाई चोट पर्ला र मलाई पनि पर्न सक्छ । मैले आफ्ना छोराछोरीका लागि यो कुरा गर्दै छु जुन कुरा गर्छु भन्ने सपनामा पनि सोचेकी थिइनँ न त तपाईंले नै सोच्नुभएको थियो । अब मनमा गुम्स्याएर राख्नु उचित छैन । जुन विश्वास र आस्था लिएर तपाईंको सहारा खोजेँ त्यो सबै मृगतृष्णा रहेछ । अहिले थाहा पाएँ म कुवामा

सडिरहेछु । गल्लीमा फ्याँकिइरहेछु । मेरा कमजोरीका पर्खालले मेरा शब्दलाई थिचिदिएका थिए । आज ती सबै पर्खाललाई भताभुङ्ग पारिदिएँ । बहानाको जिन्दगी लिएर बाँच्न चाहन्नँ । तपाईंको चित्त नदुखाउन धेरै यत्न गरेँ तर तपाईंले मेरो चित्त दुखाउन छोड्नुभएन । मेरा छोराछोरीप्रति तपाईंको व्यवहार कति रूखो थियो, कति उपेक्षापूर्ण थियो जसलाई सहन मलाई साह्रै गारो भयो । तपाईंप्रतिको मेरो विश्वास पतझरको पहेँलो पत्ता झैँ मेरो जीवनबाट झरिसकेको छ । हुन त एउटा सानदार र प्रेमपूर्ण जीवन तपाईंसँग बिताउन निकै कोसिस गरेँ तर सबै तासको महल झैँ ढलिदियो । यो न सम्झनुस् कि सम्पूर्ण रूपमा मैले तपाईंलाई नै दोष दिँदैछु । तपाईंलाई यस्तो वातावरण तयार पारिदिने हाम्रो समाजका खराब रीतिरिवाज पनि दोषी छन् । हुन त तिनीहरूलाई हामी बदल्न सक्थ्यौँ हामीले राम्रो कोसिस गरेको भए तर तपाईंले मलाई सघाउनुभएन । तपाईंको हस्तक्षेप र अधिकारभित्र बाँच्न चाहन्नँ । दुइटा छोराछोरीलाई आफ्नो जीवन आधार मानेर बाँच्ने छु । मेरा छोराछोरीको माया नै ठुलो हो र सम्पूर्ण छ । मलाई कसैको सहारा अब जरूरत छैन । मलाई छोडिदिनुस् । मलाई मुक्ति दिनुस् ।" (पृ.१०४)

प्रस्तुत कथांशका आधारमा नारीप्रतिरोधी चेतना प्रस्तुत भएको छ । यहाँ एकातिर पुरूष दमनकारी शक्तिको रूपमा उभिएको छ भने अर्कातिर पुरूषसत्ताको प्रतिरोधस्वरूप म पात्रको स्वतन्त्रताका लागि मुख उघार्ने प्रयास भएको छ । पुरूषले गरेका स्वार्थप्रेरित, जिम्मेवारीहीन व्यवहारका विरूद्ध निरीह भएर बस्नुहुँदैन त्यसका लागि महिला नै सशक्त भएर लाग्नु पर्दछ भन्ने सन्दर्भ प्रस्तुत भएको देखिन्छ । नारी पहिचानका लागि आवाज उठाउनुले पुरूषसत्ता विरूद्धका प्रतिरोधी चेतना निर्माण भएको स्पष्ट हुन्छ ।

**मातृत्व कथामा नारी प्रतिनिधित्व**

मातृत्व शक्ति र भौतिक प्रेमको द्वन्द्व - ममताले सुबोधबाट मानसिक प्रेम चाहेकी थिइन् केवल पारिवारिक रिक्तता पूरा गराउन मात्र थिएन तर सुबोधले शारीरिक प्रेम र स्वार्थ पूर्ति मात्र चाह्यो र छोराछोरीसँग अभद्र व्यवहार गर्दा ममतामा नराम्रो खोट बस्यो ।

सन्तानको जीवन नै सबैथोक हो । - ममताका लागि छोराछोरी नै चन्द्रसूर्य हुन् । यो भावनात्मक अभिव्यक्ति होइन । ममताले आफ्नो स्वार्थ पूरा गर्नका लागि छोराछोरीको भविष्य जोखिममा पार्न चाहँदिनन् ।

सामाजिक परम्परा र पारिवारिक संरचना विरूद्ध विद्रोह - विधवा हुनुपर्दा विधिको रूपमा मात्र जीवन बिताउने भनाइ समाजमा प्रचलित छ तर ममताले परम्परामाथि प्रश्न गर्छिन् । मातृत्व केवल छोराछोरीको ममताबीच सीमित भएन । यसमा सामाजिक नियन्त्रण, भित्री द्वन्द्व, नारी स्वतन्त्रताको आवाज, स्वायत्त निर्णय पनि समावेश छ त्यसैले यस कथामा पुरूषका लाचार, स्वार्थ केन्द्रित र

बासनात्मक प्रेमको विरोध गर्न नारी प्रतिनिधित्व हुनु पर्दछ भन्ने विषयलाई संकेत गर्न खोजेको देखिन्छ ।

**निष्कर्ष**

कथाले समाजमा महिलाले भोग्ने मानसिक, सामाजिक र सांस्कृतिक दबाबहरूलाई चित्रण गर्दै एक आमाको संवेदनशील मनोभावनालाई प्रकट गरेको छ । कथामा प्रस्तुत आमा पात्रले आफ्नो सन्तानप्रतिको समर्पण, ममता र कर्तव्यलाई निःस्वार्थ भावले निभाउँछिन् तर त्यो मातृत्व त्यतिमैँ मात्र सीमित छैन । उनले पाएको पीडा, त्याग, अपमान र एक्लोपन पनि कथामा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । मातृत्व कथा महिलाको आन्तरिक बल, मातृत्वको महानता र पुरूषप्रधान समाजमा महिलाले भोग्ने चुनौतीहरूको सशक्त अभिव्यक्ति हो । यसले पाठकलाई आमाको मूल्य र अस्तित्वलाई गहिरो रूपमा पुनर्विचार गर्न वाध्य बनाउँछ । यो एक सशक्त कथा हो जसले आमाको ममतालाई मात्र नभई उसको आन्तरिक पीडा, सामाजिक बेवास्ता अनि त्यागको कथालाई गहिरो भावनात्मक धरातलमा प्रस्तुत गर्छ । यो कथा केवल आमाको माया मात्र होइन । महिलाको अस्तित्व र सामाजिक संरचनासँगको टकरावको कथा पनि हो । यो नेपाली समाजमा आमाहरूले भोग्ने अनुभूति, उपेक्षा, संवेदना र आत्मिक बलको कथात्मक दस्तावेज हो । भागीरथी श्रेष्ठले अत्यन्त सरल तर गहिरो शैलीमा आमाको पीडा, माया र समाजप्रतिको उनको मौन प्रतिवाद प्रस्तुत गरेकी छन् । यो कथा पाठकलाई नजिकबाट मातृत्वको भाव बुझ्न र आमाको वास्तविक मूल्य बुझ्न प्रेरित गर्छ ।

**सन्दर्भसूची**


अधिकारी, ज्ञानु (२०७०). *समकालीन नेपाली नारी कथामा नारीवादी प्रवृत्ति, नेपाली नारीवादी समालोचना* (सम्पा. सुधा त्रिपाठी र सीता पन्थी). नेपाल प्रज्ञा प्रतिष्ठान ।

अर्याल, ईश्वर (२०७४). *नारीवाद कि सर्वसत्तावाद.* अन्नपूर्ण पोष्ट. (२०७४/०१/३०) ।

उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा* (चौ. सं.), अक्षर क्रियसन्स । ... सं.), निमा पुस्तक प्रकाशन ।

गड्तौला, न (२०१९). नेपाली कवितामा नारीचेतना. *Tribhuvan University Journal, 33*(2), 171-186. https://doi.org/10.3126/tuj.v33i2.33644

गौतम, कृष्ण. (२०५९). *आधुनिक समालोचना : अनेक रूप, अनेक पठन.* (दो.सं.), साझा प्रकाशन ।

जोशी ह. (२०२३). धावा कथामा नारीचेतना. *DMC Research Journal, 5(01), 73-80.* https://doi.org/10.3126/dmcrj.v5i01.52133

Chaulagain , P. P. . . . . . . . (2024). मातृत्व कथामा प्रयुक्त मनोभाव र भाषा । *Dhaulagiri Journal of Contemporary Issues, 2*(1), 18–26. https://doi.org/10.3126/djci.v2i1.67440

पाठ्यक्रम विकास केन्द्र. (२०७८). *अनिवार्य नेपाली पाठ्यपुस्तक कक्षा १२* (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,।)

पौडेल, तुलसीराम. (२०५९). *लैङ्गिक अध्ययनको रूपरेखा.* (दो.सं.), निमा पुस्तक प्रकाशन

पौडेल, सूर्य. (२०२३). साल्गीको बलात्कृत आँसु कथामा वर्गीय द्वन्द्व *Journal of Multidisciplinary Studies, 3*(1), 106–113. https://doi.org/10.3126/kdk.v3i1.52127

प्रतीक्षा, पन्त. (२०२३) उत्तरवर्ती नारी निबन्धमा पृथक अनुभव- अनुभूति । *Tribhuvan University Journal, 38*(2), 191–205. https://doi.org/10.3126/tuj.v38i2.60783

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपालीसन्दर्भ,* भुँडीपुराण प्रकाशन ।

मरहट्टा प. (२०२२) नासो कथाभित्र पितृसत्ताको प्रभुत्वमा नारीचेतनाको स्तर (The level of women's consciousness under the dominance of patriarchy within the story of 'Naso'). *NUTA Journal, 9*(1-2), 170–182. https://doi.org/10.3126/nutaj.v9i1-2.53862

रिजाल, दामोदर (सन् २०२२). अग्रगामी कथामा नारीचेतना (*BMCJoSR* 5, 163-170) (Dec - 2022)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र https://cehrd.gov.np/https://doi.org/10.3126/kdk.v3i1.52127